# अंग्रेजी नबोल्नेहरुकालागि नियमित रुपमा सोधिने प्रश्नहरु

## Translating and Interpreting Service ले के सेवाहरु उपलब्ध गराऊँदछ?

Translating and Interpreting Service (TIS National) ले अंग्रेजी नबोल्ने व्यक्तिहरुको लागि र अभिकर्ताहरु र व्यवशायहरु जसलाई अंग्रेजी नबोल्ने ग्रहाकहरुसंग कुरा गर्नुपर्दछ उनिहरुको लागि दोभाषे सेवाहरु उपलब्ध गराउँदछ।यस सेवाले अंग्रेजी बोल्न नसक्ने व्यक्तीहरुको लागि पनि अष्ट्रेलियामा स्वतन्त्र रुपमा सेवाहरु र जानकारीहरु लिनकोलागि मद्दत पुर्याउँदछ।

हाम्रा अष्ट्रेलिया भरि २४०० भन्दा बढी दोभाषेहरु १६० भन्दा बढी भाषा र लवज बोल्ने हरुसंग करार छ।

अंग्रेजी नबोल्नेहरुले TIS National लाई १३१ ४५० मा फोन गरेर तुरुन्तै टेलिफोन दोभाषे सेवाको प्रोग गर्न सक्दछन्।

त्यसको अलबा, यदि संस्थाहरुलाई सिधै सम्पर्क गर्नु भएको छ भने उनिहरुले तपाईको मार्फत दोभाषेहरु उपलब्ध गरादिनेछ।

## TIS National **द्वारा कसलाई सम्पर्क गर्न सक्दछु**?

Department of Immigration and Border Protection लगाएत २२००० भन्दा बढी अभिकर्ता ग्रहाकहरु, TIS National मा दर्तित छन्। हाम्रा केहि ग्रहाकहरु निम्मलिखित छन्:

- प्रादेशिक र संघिय सकारी विभागहरु
- स्थानिय परिषदहरु
- औषधिय र स्वास्थ्य कर्मिहरु
- औषधी संकारविद
- उर्जा कम्पनीहरु
- टेलिफोन कम्पनीहरु
- आकस्मिक सेवाहरु
- कानूनी सेवाहरु
- स्थायित्व र सामुदायिक सेवा प्रबन्धकहरु।

TIS National ले तपाईले सम्पर्क गर्ने संस्थाहरुले TIS National बाट गरिने दोभाषे सेवाका फोनहरु स्वीकार पक्का भने दिन सक्दैन।

## TIS National लाई मैले कहिले फोन गर्न सक्दछु?

TIS National ले दोभाषे सेवाहरु २४ घण्टानै, बर्षका हरेक दिन उपलब्ध गराउँदछ।

तपाईले सम्पर्क गर्न खोज्नु भएको संस्थाहरु नियमित व्यवशायिक खुल्ने समयहरुमा मात्र उपलब्ध हुन सक्दछन् र संस्थै पिच्छे व्यवशायिक खुल्ने समयहरु फरक फरक हुन सक्दछ।

प्रायजसो अष्ट्रेलियाको संस्ताहरु व्यवशायिक खुल्ने समय बहान ९ देखी दिऊँसो ५ बजे सम्म सोमबार देखी शुक्रवार सम्म खुल्दछन्। धैरै संस्थाहरु सार्वजनिक विदाका दिनहरुमा उपलब्ध हुँदैन।

## मैले १३१ ४५० मा फोन गर्दा के आपेक्षा गर्न सक्दछु?

जब तपाईले  TIS National लाई फोन गर्नु हुनेछ, तपाईलाई TIS National को अंग्रेजी बोल्ने अपरेटरहरुले स्वागत गर्दछन्  जसले तपाईलाई कुन भाषाको दोभाषे चाहिएको हो सोध्नेछ।

तपाईले आफ्नो भाषाको अनुरोध गर्नुभएपछी, तपाईलाई आवस्यक उपलब्ध दोभाषे पत्ता लगाउनकोलागि फोनमा रोकेर राखिन्छ। यदि त्यहाँ रोकेर राख्दाको गीत/ध्वनी नभएपनी पर्खेर बस्नुहोला।

यदि तपाईको भाषाको दोभाषे उपलब्ध भएमा, अपरेटरले दोभाषेको साथ तपाईलाई सम्पर्क गर्नेछ, अपरेटरले दोभाषे संग सम्पर्क गराईदिनेछ र तपाईलाई कुन संगस्था संग कुरा गर्नुपर्ने हो सोधिनेछ।  TIS National लाई फोन गर्नु हुँदा, कृपया संस्थाको नाम र फोन नंम्बर, उक्त संस्था संगको ग्रहाक वा खाना नंम्बर(यदि भएमा) साथमा तयारी राख्नुहोला।

हाम्रा अपरेटरहरु निष्पक्ष रहनेछन् र तपाईले कुन संस्थालाई सम्पर्क गर्नुपर्नेहो भनेर सुझाव दिन सक्दैनन्। जब तपाईलाई दोभाषे संग गराईनेछ, दोभाषेले उल्था गरिएका समयभरकालागि निष्पक्ष रहनुपर्ने हुनाले तपाईसंग अनौपचारिक कुराकानीमा संलग्न हुनेछैन।

दोभाषेले TIS National को अपरेटरलाई तपाईले कुन संस्थासंग सम्पर्क गर्न चाहानु भएको हो भनिदिनेछ, र अपरेटरले तपाई दोभाषे र अनुरोध गरिएको संस्थासंग  सम्पर्क गराईदिनेछ।

यदि दोभाषे उपलब्ध नभएमा अपरेटरले तपाईलाई फेरी छिट्टै सम्पर्क गर्नकोलागि भन्नेछ। यदि तपाई एक भन्दा बढी भाषा बोल्नु हुन्छभने, तपाईले अर्को भाषाको दोभाषेको लागि अनुरोध गर्नु सक्नुहुनेछ।

## यदि TIS National ले मलाई सम्पर्क गराई दिएको दोभाषे चिनेको व्यक्ती परेमा के गर्ने?

यदि तपाईलाई दोभाषेको चिनेको व्यक्ती लागेमा, यो तपाईले उल्थाउने प्रकृया अगाडी बढाउने कि नबढाउने भनेर गर्ने निर्णय तपाईको हो।

यदि तपाई त्यहि दोभाषे संग निरन्तरता नगर्न चाहानु भएमा, TIS National को अपरेटर वा संस्थालाई उक्त फोन कल अगाडी नबढाउनकोलागि (रोक्न) भन्न सक्नुहुनेछ।

## के मैले महिला वा पुरुष दोभाषेको लागि अनुरोध गर्न सक्दछु?

सक्नुहुनेछ। यदि तपाई खास निश्चित लिंङ्गका दोभाषे भएको चाहाना गर्नु भएमा, TIS National को अपरेटर वा तपाईले सम्पर्क गरेको संस्थालाई जति सक्दो छिटो भन्नुहोला। TIS National ले तपाईले अनुरोध गर्नुभएको लिंङ्गको दोभाषे उपलब्ध गराउन प्रयास गर्नेछ।

## के मैले निश्चित धर्म वा सांस्कृतिक पृष्ठभूमीका दोभाषेको लागि अनुरोध गर्न सक्दछु?

सक्नुहुन्न। TIS National को अपरेटरले दोभाषेहरु उनिहरुको प्रप्त मान्यता र उपलब्धीको आधारमा रोज्नेछन् र  उनिहरुको धर्म र सांस्कृतिक पृष्ठभूमीको आधारमा छनौट गर्न सक्दैन।

## म दोभाषे अगाडी भेटेरनै प्रयोग गर्न चाहान्छु। के यो संम्भव छ?

सक्नुहुन्छ।  TIS National ले चाहेको स्थानमै पनि दोभाषे सेवा उपलब्ध गराउन सक्दछ।

यदि तपाईलाई आफुलाई चाहेको स्थानमै दोभाषे को जरुरी परेमा, तपाईले सम्पर्क गर्न खोज्नु भएको संस्थालाई TIS National को टेलिफोन दोभाषे प्रयोग गर्नुहोला। त्यस पछि तपाईले उक्त स्थानमा दोभाषेको व्यवस्था गर्नकोलागि अनुरोध गर्न सक्नुहुनेछ।

## मैले आकस्मिक सेवालाई दोभाषेको मार्फत सम्पर्क गर्न परेको छ। मैले के गर्नु पर्दछ?

आकस्मिक एम्बुलेन्स, प्रहरी वा दमकल सेवाकोलागि तपाईले संधै ००० मा सिधै फोन गर्नुहोला।

अनि ००० आकस्मिक सेवाले TIS National लाई सम्पर्क गर्नेछ र प्राथमिकताको लाईन २४ घण्टे, हप्ताको सातै दिनको सेवाको प्रयोग गरेर तपाईलाइ दोभाषे संग सम्पर्क गराईदिनेछ।

## के TIS National को सेवा अंग्रेजि नबोल्नेहरुकालागि निशुल्क: हो?

हो। अत्याधिक TIS National को दोभाषे सेवाहरु अंग्रेजी नबोल्नेहरुको लागि निदुल्क: हो।

साधारणतया तपाईले सम्पर्क गर्ने संस्थाले सेवा उपलब्ध गर्दाको लाग्न सक्ने थप शुल्क:हरु स्विकार गर्दछ। केही संस्थाहरु र औषधिय अभ्यासकर्ताहरु(मेडिकल प्रक्टिसनर) TIS National मार्फत निशुल्क: दोभाषेको लागि योग्य छन्।

केहि संस्थाहरुले TIS National को फोनलाई स्वीकार गर्दैनन्। यद्पी, यदि तपाईले संस्थालाई सिधै सम्पर्क गर्नु भएमा उनिहरुले टेलिफोन दोभाषेका साथ तपाईलाई फोन गर्न सक्नेछन्।

यदि तपाईलाई TIS National को ग्रहाक नभएको संस्थालाई सम्पर्क गर्नुपरेमा, र संस्थाले लाग्न सक्ने शुल्क: स्वीकार गर्न नचाहेमा, तपाई आफैले सेवामा लाग्ने खर्च तिर्न सक्नुहुनेछ। यसो गर्नकोलागि, दोभाषेलाई यो भन्नुहोला र हाम्रा अपरेटरहरुले TIS National संग तपाईको खाता बनाउनकोलागि व्यवस्था गरिदिनेछ। तपाईले खाता बनाउनकोलागि आफ्नो क्रेडिट कार्डका विवरणहरु TIS National लाई उपलब्ध गराउनु पर्नेछ।

## TIS National को देभाषेको भूमिका के हो त?

दोभाषेको भूमिका तपाईको भाषामा बोलिएका शब्दहरु सकेसम्म सहि हुने गरि उल्थाउने हो।

दोभाषेहरुले परामर्श उपलब्ध गराउँदैनन्। दोभाषेले TIS National को अपरेटर वा तपाईले कुरा गरिरहनु भएको व्यक्तिले अनुरोध गरेको भन्दा बाहेकका प्रश्नहरु सोध्नु हुँदैन।

TIS National का दोभाषेहरु कडा नैतिकताका परिधी भित्र बाँधिएका हुन्छन्। यस परिधीले उनिहरुको पेशागत आचरण शासित गरेको हुन्छ। नैतिकताका परिधीमा धेरै जिम्वेवारीहरु बहन गरेका हुन्छन् जसमा निम्न कुराहरु पर्दछन्।:

- पेशेवार आचरण(professional conduct)
- गोपनियता(confidentiality)
- दक्ष(competence)
- निश्पक्षता(impartiality)
- सहि(accuracy)
- भूमिका को परिधी निर्धारण(clarity of role boundaries)
- पेशेवार सम्बन्ध कायम(maintaining professional relationships)
- पेशेवार विकाश(professional development)
- पेशेवार साहचार्य(professional solidarity)।

नैतिकताका परिधी (code of ethics)को बारेमा थप जानकारीको Australian Institute of Interpreters and Translators (AUSIT) बाट लिन सक्नुहुनेछ।

## मैले TIS National लाई सुझाव कसरी उपलब्ध गराउने?

यदि तपाईलाई TIS National को दोभाषे वा अपरेटरको सेवाको बारेमा सुझाव दिन चाहानु भएमा, कृपया TIS National को १३१ ४५० मा सम्पर्क गर्नुहोला।

जब तपाईलाई दोभाषे संग सम्पर्क गराईन्छ, तपाईले अपरेटरलाई TIS National लाई सुझाव उन चाहान्छु भन्नुहोला। तपाईको सुझाव रेकर्ड गरिन्छ र TIS National को सम्बन्धित समुहलाई पुनर्विचारकोलागि सिफारिस गरिनेछ।

## मैले दोभाषेको प्रयोग प्रभावकारी रुपमा कसरी गर्न सक्छु?

तपाईले TIS National को दोभाषे प्रभावकारी रुपमा निम्न लिखित तरिकाले गर्न सक्नुहुनेछ:

- TIS National लाई फोन गर्नु अगाडी नै तपाईलाई आवस्यक जानकारीहरु उक्त बेलाको लागि तयारी गर्ने
- धैर्यताका साथ दोभाषेले उलथाएर नसकुञ्जेल सम्म फेरी कुरा नगर्नुहोला
- छोटो शब्दहरुको प्रयोग गर्ने
- बोलिचालिका र कठिन शब्दहरु नबोल्ने जसलाई उल्थाउन कठिन हुन सक्दछ
- दोभाषेको भूमिकालाई बुझिदिने
- दोभाषे संग परामर्श नमाग्ने वा तपाईको लागि वकालत गर्न नलगाउने
- यदि तपाईलाई दोभाषेको कुरा बुझ्न कठिनाई  परेमा दोभाषे, संस्था वा TIS National लाई तुरन्तै  जानकार गराउनुहोला।

## के मैले TIS National को मार्फत कागजपत्रहरु उल्थाउन पाऊँदछु?

पाउनुहुन्न। TIS National ले व्यवशायिक उल्थाउने सेवा उपलब्ध गराऊँदैन।

Department of Social Services (DSS) ले अष्ट्रेलियाको नागरिक र अष्ट्रेलियामा स्थायी रुपमा बसाई सरेर आउनेहरुको लागि निशुल्क: कागतपत्र उल्थाउने सेवा उपलब्ध गराऊँदछ। यस सेवाको बारेमा जान्नकोलागि, तपाईको स्थानिय Adult Migrant English Program (AMEP) प्रबन्धकलाई सम्पर्क गर्नुहोला।

तपाईले अन्य उल्थाउने विकल्पहरुका बारेमा जानकारी लिनको लागि National Accreditation Authority for Translators and Interpreters (NAATI) मा सम्पर्क गर्न सक्नुहुनेछ।